# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, साउन ३० गते, २०७९ साल (अतिरिक्ताङ्क ११

## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. ६

### प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा १२ मा संशोधन**: प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **नियमन गर्न सक्नेः** मन्त्रालय वा कार्यालयले कुनै सञ्चार संस्थाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको पालना भए नभएको सम्बन्धमा नियमन गर्न सक्नेछ । त्यसरी नियमन गर्दा कानून विपरीत कार्य गरेको पाइएमा आवश्यक कारबाही गर्नेछ।"

३. **मूल ऐनको दफा ३१ मा संशोधन**: मूल ऐनको दफा ३१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सञ्चार रजिष्ट्रारको नियुक्ति नभएसम्म वा पन्ध्र दिनभन्दा बढी बिदामा बसेमा वा पद रिक्त भएको अवस्थामा मन्त्रालयको सचिवले सञ्चार रजिष्ट्रारको रूपमा कामकाज गर्नेछ।"

४. **मूल ऐनमा दफा ३२क. थप**: मूल ऐनको दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"**३२क. <u>शपथ ग्रहण</u>ः** सञ्चार रजिष्ट्रारले कार्यभार सम्हाल्नु अघि मन्त्रालयको मन्त्री समक्ष अनुसूची-१ को ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।"

**५. <u>मूल ऐनको दफा ४६ मा संशोधन</u>ः** मूल ऐनको दफा ४६ को,-

(१) उपदफा (१) मा देहायको शब्द थपिएको छ,-

(क) "वितरण" भन्ने शब्द पछि "प्रसारण" भन्ने शब्द थपिएको छ।

(ख) "व्यक्तिलाई" भन्ने शब्द पछि "वा संस्थाको कार्यकारी प्रमुखलाई कार्यालयले पन्ध्र दिनको समयावधि दिई" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (१) र (२) मा भएको "वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरु हटाइएका छन्।

(३) उपदफा (१) पछि देहायको (१क) राखिएको छः-

"(१क) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस अन्तर्गत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा वा नवीकरण नगरी विज्ञापन बापतको कुनै रकम उठाएको प्रमाणित भएमा त्यस्तो संस्थालाई जति वर्षको नवीकरण नगरेको हो त्यति वर्षको नवीकरण गर्दा लाग्ने शुल्क बराबरको जरिबाना गरी सो अवधिमा विज्ञापन बापत उठाएको शुल्क असूल उपर गरिनेछ। यसरी पहिलो पटक कारबाही गरे पश्चात् पुनः सोही किसिमको कार्य गरेमा कार्यालयले थप कारबाहीको लागि मन्त्रालयमा लेखी पठाउनेछ।

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कसैले उपदफा (१), (१क) र (२) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेमा कार्यालयले कसूरको मात्रा हेरी तीन हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

६. **मूल ऐनको दफा ४८ मा संशोधनः** मूल ऐनको दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छः-

"४८. **पुनरावेदनः** यस ऐन बमोजिम भएको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन दिन चाहे त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यालयले गरेको निर्णयको हकमा मन्त्रालयको सचिव समक्ष र मन्त्रालयले गरेको सुरु निर्णयको हकमा सम्बन्धित सञ्चार संस्था रहेको जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

७. **मूल ऐनको दफा ४९ र ५० मा संशोधनः** मूल ऐनको दफा ४९ र ५० हटाइएको छ।

८. **मूल ऐनमा दफा ५७क. थपः** मूल ऐनमा दफा ५७ पछि देहायको दफा ५७क. थपिएको छः-

"**५७क.** **अनुसूची हेरफेरः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।"

९. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः-

"५८. **नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले यस ऐन कार्यान्वयनको लागि

आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्नेछ।"

१०. **<u>मूल ऐनमा अनुसूची थप:</u>** मूल ऐनमा संलग्न अनुसूची-१ थपिएको छ।

अनुसूची-१

(दफा ३२क. सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ........................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै सञ्चार रजिष्ट्रार पदको जिम्मेवारी न्यायपूर्वक देश र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताकासाथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

| शपथ ग्रहण गर्ने सञ्चार रजिष्ट्रारको | शपथ ग्रहण गराउने पदधिकारीको |
|---|---|
| (क) नामः- | (क) नाम :- |
| (ख) दस्तखतः- | (ख) दस्तखत :- |
| (ग) मितिः- | (ग) मिति :- |
| (घ) पदः- | (घ) पद :- |

**आज्ञाले,**

**नारायण प्रसाद शर्मा**

**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७९।०४।३०



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-